धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद महाशाखा
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८०।०८१
च.नं. :- २२६

मिति :- २०८०।०४।२१

**विषय: कार्यान्वयन गर्ने गराउने बारे ।**

कक्षा ११ र १२ सञ्चालित विद्यालयहरु, सबै
धनगढी उप-महानगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा त्यहाँ विद्यालयको शुल्क तथा छात्रवृति सम्बन्धमा श्रीमान नगर प्रमुख ज्यू समक्ष समय समयमा विभिन्न विद्यार्थी संघ, संगठनहरुबाट मागपत्र तथा ज्ञापनपत्र मार्फत गुनासो आउने गरेकोले सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

०८०।४।२१
राम लाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

**देहाय**

१. संस्थागत विद्यालयले शैक्षिक सत्र २०८० मा लिने शुल्क सम्बन्धमा नगर शिक्षा समितिको मिति २०७९।१२।१४ को निर्णय अनुसार यस उप-महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७९ मा लिंदै आएको शुल्कमा कुनै प्रकारको थप बृद्धि नगरी शैक्षिक सत्र २०८० को शुल्क निर्धारण गर्ने व्यवस्था मिलाउने भनी यस कार्यालयको मिति २०७९।१२।१४ च.नं. ५१९ र मिति २०८०।०१।१२ च.नं. ५६८ मार्फत पत्राचार भईसकेको र मिति २०८०।०४।११ च.नं. ११ को पत्रबाट शैक्षिक सत्र २०७९ र २०८० को शुल्कको जानकारी यस कार्यालयलाई गराउन पत्राचार भएकोमा सोही बमोजिम गर्नु गराउनु हुन ।

२. संस्थागत विद्यालयले लिने गरेको शैक्षिक सत्र २०८० को शुल्कको विवरण विद्यालयमा सबै देख्ने गरी राख्ने व्यवस्था मिलाउनु हुन ।

३. संस्थागत विद्यालयले धनगढी उप-महानगरपालिकाको नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) बमोजिम कूल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउनु पर्ने व्यवस्थाको कार्यान्वयन गर्न प्रारम्भिक बालविकास देखि कक्षा १० को हकमा शैक्षिक सत्र २०८० का लागि यस कार्यालयको मिति २०८०।०४।११ च.नं. २२५ बमोजिमको ढाँचामा विवरण तयार गरी सो विवरण सार्वजनिक गर्नु हुन र यस कार्यालयमा विवरण उपलब्ध गराउन बाँकी विद्यालयहरुले तत्काल विवरण उपलब्ध गराउनु हुन । कक्षा ११ र कक्षा १२ को हकमा यस कार्यालयको मिति २०८०।०४।१२ च.नं. २९८ को पत्र बमोजिम छात्रवृति उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन ।

४. सामुदायिक विद्यालयहरुले विद्यार्थी तथा अभिभावकहरुबाट कुनै प्रकारको शुल्क नलिनु हुन ।

**बोधार्थ:**

श्रीमान नगर प्रमुख ज्यू :- जानकारीका लागि सादर अनुरोध ।
श्रीमान नगर उप-प्रमुख ज्यू :- जानकारीका लागि सादर अनुरोध ।
श्री सबै वडा कार्यालय, धनगढी उप-महानगरपालिका, कैलाली :- जानकारीका लागि ।

www.dhangadhimun.gov.np edu.dhangadi@gmail.com 091-526729